सेतो चील

(बाल कथा सङ्ग्रह)

सुरेश ताम्राकार

कृति	:	सेतो चील
रचनाकार	:	सुरेश ताम्राकार
प्रकाशिका	:	चण्डेश्वरी ताम्राकार
प्रकाशन प्रति	:	१000/-
सर्वाधिकार	:	रचनाकारमा
संस्करण	:	प्रथम
भाषा सम्पादन	:	रामहरि दाहाल
सहयोगीहरु	:	केदारनाथ आचार्य, लक्ष्मण माताछें, राजेन्द्र बञ्जारा, भीमसेन के.सी., कविता आचार्य
प्रकाशन मिति	:	२०७४
कम्प्युटर	:	प्रोग्रेस कम्प्युटर शोलुसन्स् एण्ड एजुकेशन सेन्टर, पनौती-७, काभ्रे
मुद्रण	:	पनौती प्रिन्टिङ् प्रेस
मूल्य	:	रु. ५०/-



सभक्ति समर्पण

स्व. पिता सन्तकुमार ताम्राकार

स्व. माता राधा ताम्राकार

स्व. ससुरा श्यामकृष्ण मुनाकर्मी

शुभकामना

कृष्ण प्रसाद सापकोटा

काभ्रेपलाञ्चोक जिल्ला बार एसोसियसनका सदस्य अधिवक्ता सुरेश ताम्राकार नेपाली भाषा विकासका लागि साहित्य लेखन, कविता तथा कथाहरूमा आफ्नो भाव पोख्ने युवा स्रष्टा हुनुहुन्छ । उहाँको प्रयासबाट यसभन्दा अगाडि पनि थुप्रै लेख रचनाहरू प्रकाशित भइसकेका छन् । पुनः उहाँको अनवरत चल्ने कलमबाट "सेतो चील" नामको बालकथा सङ्ग्रह प्रकाशन हुन लागेकोले उहाँलाई बधाई दिन चाहन्छु ।

यस कथा संग्रहबाट नेपाली साहित्यप्रति रुचि तथा ज्ञान नभएका र सूचना प्रविधिमा मात्र हराउन चाहने बालबालिकालाई समेत नेपाली साहित्यप्रति रुचि अभिवृद्धि गराउन एवं जीवन उपयोगी ज्ञान हसिल गराउन र विभिन्न कुराहरू जान्ने बुझ्ने अवसर प्रदान गर्न सफल रहनेछ भन्ने विश्वास लिएको छु ।

कानुन व्यवसायी कानुन विषयका प्राध्यापक, शिक्षासेवी एवं समाजसेवी आदरणीय सुरेश ताम्राकारको यो प्रयास बालबालिकाको निमित्त उत्यन्तै सान्दर्भिक छ र यसको प्रकाशनले उहाँलाई बालबालिका प्रेमी

लेखकको रुपमा समेत चिनारी प्रदान गर्दछ । आजका बालबालिका भोलिका कर्णधार भएकोले बाल्यअवस्थादेखि नै उनीहरूमा सकारात्मक सोचको विकास गर्नु जरुरी छ र त्यसका लागि यो कृति समग्रमा एउटा उपयोगी पुस्तक बनोस् ।

अन्त्यमा आफ्ना रचना मार्फत् नेपाली साहित्यमा आफ्नो स्थान बनाउन सफल आदरणीय सुरेश ताम्राकारको सफलता, यस कृतिको सफलता र आगामी साहित्य यात्राको निरन्तरताको शुभकामना व्यक्त गर्दछु ।

कृष्ण सापकोटा
अध्यक्ष
काभ्रेपलाञ्चोक बार एशोसिएशन

शुभकामना

रामहरि दाहाल

संसार विचित्रको छ । यहाँ धेरै मानिसहरू जन्मिछन् र मर्छन् । कोही यस्ता मान्छे पनि हुन्छन् जो मरेर पनि अमर बन्न सफल हुन्छन् । आफ्ना असल र पवित्र कार्यले युगौं युगसम्म अमर बन्नको लागि नै मानिस जीवनमा केही न केही कार्य गरिनै रहन्छन् । साहित्य साधना आफैमा एउटा पवित्र र सेवामुखी कार्य हो । देश र समाजका लागि योगदान दिने मानिसहरूको जीवन धन्य हुन्छ । अफ्नो रचनाद्वारा मानव कल्याणमा समर्पित हुन्छन् । मान्छेको मनको गति ज्यादै द्रुतगामी हुन्छ । मानिसको मनले नै केही न केही सिर्जना गर्न प्रेरित गर्छ । त्यही मनले गर्दा नै मानिस आकाशमा स्वच्छन्द चरा झैं उड्न चाहन्छ । पहाड र हिमालहरु चढ्न प्रेरित गर्छ र विश्व कीर्तिमान कहलाउँछ । साहित्य एउटा नशा हो जसले केही न केही सिर्जना गर्न उत्प्रेरणा प्रदान गर्दै निरन्तर त्यसमा लाग्न प्रेरित गर्छ ।

नीतिशास्त्रमा यस्तो भनाइ छः–

'काव्यशास्त्र विनोदेन कालो गच्छति धिमताम्
व्यसने च मूर्खाणां निद्रया कलहेन वा ।।'

बुद्धिमान् मानिसहरूको समय काव्य शास्त्र पढेर, ज्ञान आर्जन गरेर, राम्रो विचारको चिन्तनमनन गरेर बित्दछ भने मूर्ख मानिसहरू

निदाएर, झगडा गरेर अर्काको कुरा काटेर विताउँछन् । त्यसैले बुद्धिमान् मानिसहरू आफ्ना असल कामले अरुलाई मार्गनिर्देशन गर्दछन् ।

अजरा मरवत् प्राज्ञो विद्यामथच चिन्तयेत् ।
गृहित इव केशेषु मृत्युना धर्ममाचरेत् ।।

कहिल्यै मर्दिन कहिल्यै बूढो हुन्न भन्ने सोचेर विद्या र धन कमाउन लाग्नुपर्छ तर यमराजले टुप्पी नै समातिराखेका छन् भनेर धर्मशास्त्रको अनुशरण गर्नुपर्दछ अर्थात् पाप कर्ममा लाग्नु हुँदैन भनेर नीतिकारले भनेका छन् । त्यसैले बुद्धिमान् मानिसहरु आफ्ना अमरकार्यले शब्द ब्रह्ममा जीवन्त हुन्छन् ।

शिक्षण पेशामा समर्पित उदीयमान जोसिला युवा साहित्कारका रुपमा आफ्ना मनका बह र भावना साट्न तयार भएर यसभन्दा अगाडि पनि एक कविता संग्रह प्रकाशित गरिसक्नुभएका सुरेश ताम्राकार यसपटक कथासङ्ग्रह लिएर तपाई हामी माझ आइसक्नु भएको छ । लोककल्याणको मार्गमा उहाँको भावना र सन्देशहरु तमाम पाठक सामु बाँड्न उत्सुक बनेर उत्साह बोकेर काभ्रेली साहित्यकारहरुका माझमा एक उज्ज्वल नक्षत्र बनेर आफ्नो प्रकाश अनन्तकालसम्म फैलाउन सक्नुहोस् । निरन्तर साहित्य साधनामा लागेर आफ्नो कर्तब्य बोध गरेर नयाँ पुस्तालाई आलोकित पार्न सक्नुहोस् । परोपकारी भावनाले ओतप्रोत भएर मानव हुनुको सार्थकता प्रदान गर्न सक्नुहोस् । उहाँको साहित्यिक मात्रा अविरल अगाडि बढोस्, उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । मेरो उहाँलाई साधुवाद छ ।

प्रकाशिका

चण्डेश्वरी ताम्राकार

कथा मेरो मनपर्ने साहित्यिक विधा हो । बाल्यकालमा सुनेका कथाले जीवनमा ठूलो प्रभाव पार्ने रहेछ । जब म प्राथमिक विद्यालयको विद्यार्थी थिएँ । त्यतिवेला नेपाली शिक्षकले छोटा मिठा कथाहरु भन्नु हुन्थ्यो । जुन दुई तीन दशक पछाडि पनि सम्झना छ । सुरेश सरले मानवीय सोच, वातवरण, अनि विविध पक्षहरुलाई समेटेर रचना गरेको कथाहरु मलाई मार्मिक तथा नितान्त मौलिक लाग्यो । जसले गर्दा मैले वहाँलाई प्रकाशित गर्न अनुरोध गरेँ । वहाँले खर्च तिमीले दियौ भने गर्छु भन्नुभयो । त्यसपछि मैले कति खर्च हुन्छ भनी सोधें, वहाँले बीस पच्चिस हजार भन्नुभयो र मैले निकालेर दिएँ । वहाँ अत्यन्तै खुसी हुनुभयो । फलस्वरुप यो बालकथा संग्रह तयार गर्नुभयो ।

अन्त्यमा वहाँले फेरि फेरि फरक फरक विधा प्रकाशित गर्न सक्नुहोस् भनी हार्दिक शुभकामना दिन चाहन्छु ।

मेरो भनाई

कथा साहित्यको अनुपम उपहार हो । सरल मनोवैज्ञानिक कथाले मानवीय जीवनलाई ठूलो प्रभाव पार्दछ । अझ बाल्यकालमा सुनेको एउटा कथाले पनि मानिसमा ठूलो परिवर्तन ल्याउने रहेछ । यदि तथ्यलाई मनन गरि मैले बालकथा संग्रह “सेतो चील” नामक बालकथा संग्रह तयार गरेको छु । यस कथा संग्रहमा वातावरणमा र मानव बीचको सह सम्बन्ध, मानवीय संघर्ष, मानवमा वृद्धि हुँदै गएको स्वार्थपन, मानवीय प्रेम आदि जस्ता थुप्रै मनोवैज्ञानिक पक्षहरुलाई उतार्ने प्रयास गरेको छु । यस कार्यमा म कति सफल भए भएन कृपया पाठक वर्गले मूल्याङकन गरि महत्वपूर्ण सुझाब दिनुहुनेछ भन्ने आशा गर्दछु । साथै विशाल नेपाली साहित्यिक धरोहरमा मेरो सानो सृजनाले केही हदसम्म भएपनि बालबालिकाहरुको मष्तिष्कमा सामान्य स्थान पाउने आशा लिएको छु । साथै यस बालकथा संग्रह तयार गर्नको निमित्त कम्प्युटर सहयोग गर्ने प्रोग्रेस कम्पयुटर शोलुसन्स् लगायत प्रिन्टमा सहयोग गर्ने पनौती प्रिन्टिङ प्रेसका प्रो. प्रोपराईटर शम्भु सुवेदीज्यू प्रति आभार व्यक्त गर्दै प्रकाशिका चण्डेश्वरी मुनाकर्मीलाई हार्दिक धन्यवाद एवम् अभार प्रकट गर्दछु ।

विषयसूचि

क्र.सं.	विषय	पेज नं.
१.	सन्तुष्टि	१
२.	माया विनाको छोरो	३
३.	गलत प्रेम	७
४.	मिलन	१०
५.	डाक्टर	१४
६.	सेतो चील	१७
७.	झगडा	२१
८.	न्याय चाहियो	२४



सन्तुष्टि

एकादेशमा एकजना राजा थिए । उनको अथाह सम्पत्ति, नोकरचाकर, सर्वगुणी पत्नी, एक छोरा र एक छोरी थिए । उनको कुशल शासन प्रभावशाली नेतृत्वको चर्चा सर्वत्र व्यापक थियो । सबल सेना, महासेना तथा प्रशस्त हातहतियार भएको कारण धेरै राज्यहरूमा समेत उनको उपनिवेश थियो तर उनी सन्तुष्ट भने थिएनन् । उनी कसरी सन्तुष्ट हुने? खुशी हुने? भन्ने बारे व्यापक चिन्तन गर्दथे । त्यसको निम्ति उनले धेरै खोज अनुसन्धान गरे । उनले ऋषिमुनिसँग सोधे । यस बारे छलफल गरे । दरवारमा विद्वान्हरूको सम्मेलन गरे । सम्मेलनमा ठूला ठूला विद्वान्हरूको जमघट भयो ।

उनीहरूले फरक फरक धारणा राखे । कसैले धेरै धन भए सन्तुष्टि हुन्छ भने, कसैले राज्य ठूलो भए सन्तुष्टि हुन्छ भने, कसैले राज्य समृद्ध भए सन्तुष्टि हुने तथा कसैले धेरै श्रीमती भए सन्तुष्टि हुने भन्ने विचार राखे । तर ती उत्तरहरूबाट राजा सन्तुष्ट भएनन् । त्यसपछि उनले अन्य

थुप्रै प्रयत्न गरे । ठूला ठूला ग्रन्थहरु अध्ययन गरे, त्यहाँबाट पनि उनले चित्त बुझ्दो उत्तर प्राप्त गरेनन् । जीवजन्तु, चरापन्छी, जलचर एवम् प्रकृतिको समेत अध्ययन पनि गरे अनि चित्त बुझ्दो उत्तर नपाएपछि उनले ईश्वरीय तत्त्व नै समाधानको उपाय ठाने । तत्पश्चात् आफ्नो राजकाज, श्रीसम्पत्ति, परिवार सबै त्याग गर्दै सांसारिक सुख सयलबाट टाढा गई ईश्वरको प्रार्थना गरे । उनले त्यहाँबाट थुप्रै कष्ट, दु:ख, आँधीहुरी,झरी सबै सहन गर्दै ईश्वरको भक्तितिर लागे । केही वर्षको घोर



तपस्या गरे । त्यसबाट प्रशन्न भई शिव प्रकट भए । शिव प्रकट हुने वित्तिकै उनले शिवलाई ढोग गर्दै आफूले भक्ति गरेको वारे सुनाए र भने "मलाई सन्तुष्टि चाहियो प्रभु" भनी निवेदन गरे । शिवले मधुरो स्वरमा भने हेर राजन यो लोकमा मानिसलाई पूरा सन्तुष्टि कहिल्यै हुँदैन । प्रशस्त धन होस्, राज्य होस्, जग्गा जमिन होस्, व्यापक शिक्षा होस् जेसुकै होस् उनीहरू पूर्ण सन्तुष्ट हुँदैनन् । किन भगवान् ? उनले फेरि सोधे, सन्तुष्टि भन्ने कुरा लिने हो । कसैले कसैलाई दिने होइन । ब्रम्हाजीले मानिसमा त्यो गुण नदिएकोले शायद मानिस कहिले पूर्ण सन्तुष्ट हुँदैन भनी जवाफ दिएछन् । त्यस उत्तरबाट राजा सन्तुष्ट भई फर्के । पुन: राज्य सुखमय ढंगबाट सञ्चालन गर्न थाले ।

माया विनाको छोरो

आमा ! आमा ! ! राजेश चिच्याउँदै घर भित्र पस्छ । "किन छोरा ?" अस्मिताले प्रश्न गरिन् । राजेश खुशी हुँदै भन्न थाल्यो, "आमा मलाई DV पऱ्यो । अब म अमेरिका जान्छु । धेरै पैसा कमाउँछु, तपाईंहरूलाई पनि उतै लान्छु ।" अस्मिताले रिसाउँदै भनिन् "अमेरिका समेरिका जान्दिन, म कहीँ पठाउँदिन । तिमी मेरो एक्लो छोरा । हाम्रो अरु कोही सन्तान छैन ।" अस्मिताले सम्झाउँदै भनिन् । "तिमीलाई के नपुग छ र? घर छ, वारी छ, बुबाको धेरथोर आम्दानी छ । यो सबै सम्पत्ति तिम्रो नै त हो नि ।" केही समय पछि राजेशको बुबा श्याम घरमा आउँछन् र प्रश्न गर्छन् । "किन अस्मिता के भयो ? छोरो के भन्छ ?" अस्मिताले उत्तर दिन्छिन्, "DV पऱ्यो रे छोरालाई ।""हो र ! कहिले?" श्याम अत्यन्त खुशी हुन्छन् । "त्यसो भए अस्मिता जाऊ लड्डु किनेर छिमेकमा बाँड ।" "तपाईपनि कस्तो होला ?" भनि अस्मिताले आश्चर्य व्यक्त गरिन् । श्यामले सम्झाउँदै, मुस्कुराउँदै भने "अमेरिका भनेको स्वर्ग हो । सारा विश्वको मानिसलाई सोध्यो भने अमेरिका हो ? भनी प्रश्न गर्छन् । हामी भाग्यमानी हौं । छोराले DV पाऱ्यो । हामीले यसलाई भगवान्को वरदान सम्झिनु पर्दछ" भनी श्याम सम्झाउँछन् ।

"म विद्यार्थी भएको बेला अमेरिका जान धेरै प्रयास गरें तर सकिनँ । छोरा जाने भएकोमा हामी खुशी हुनुपर्दछ, अस्मिता ।"

राजेशले अंग्रेजी भाषा सिक्यो, टोफल गऱ्यो । ४ महिना गुजारिसके पछि अमेरिका जाने दिन आइपुग्यो । त्यस दिन आमा अस्मिताको छाती भारी भयो । विहानदेखि गहभरी आँसु अनि कता कता उनी असहय भएकी जस्ती देखिन्छिन् । श्याम भने खुसी हुँदै आफ्नो हाकिमलाई अफिस आउन नसकिने जानकारी गराए । त्यसदिन दुबै त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल गए । वेलुका १२ बजेको प्लेन टिकेट थियो । उनीहरु बेलुका ७ बजे त्यहाँ पुगेपछि बेचैन थिए । एकातिर आमा रुँदै थिइन् भने श्यामले पनि समय बित्दै गएपछि आँसु थाम्न सकेनन् । दुबैको आँखाभरि आँसुको ठूलाठूला दाना टपटप खसिरहेको थियो । राजेशले पनि आमा बाबुको अनुहार हेरेर आँसु थाम्न सकेनन् तर एकातिर आफ्नो भविष्य अर्कोतिर मातापिता, राजेशले पुनः आमा बुबालाई सम्झाउने प्रयत्न गर्दै सम्झाए, नरुनुस् न आमा बुवा म आइहाल्छु नि किन रुनुभएको तपाईंहरु ? म सधैँका लागि जान लागेको हो र ? म केहि वर्षपछि आइहाल्छु नि ?

अत्यन्त भावविभोर देखिएता पनि राजेश विमान तर्फ लागे, अस्मिता र श्याम घर फर्के । अस्मिता घर पुगेपछि भक्कानो फुट्ने गरी रोईन् । श्याम पनि छोराको फोटो हेर्दै रोए । राजेश न्यूयोर्क पुगेपछि त्यहाँबाट फोन गर्दै श्यामलाई आफू पुगेको जानकारी दिए । समय बित्दै गइरहेको थियो, राजेश उता मिचिगन विश्वविद्यालयमा स्नातकोत्तर

अध्ययन गर्दै थिए । काम र अध्ययनलाई साथसाथै लगि करिव ६ वर्ष बित्यो । राजेशले आमा बावुको लागि केही रकम पनि पठाए । तर राजेश विस्तार विस्तार उतैको हावा पानीमा रमाउन थाले । यता श्याम विरामी परेको थियो । उनलाई दमको रोगले निकै च्यापेको थियो । उनलाई नर्मल वार्डबाट आइसियू तर्फ लगेपछि अस्मितालाई बोलाई डाक्टरले उनको रोग निको नहुने जानकारी दिए । अस्मिताले तत्काल राजेशलाई फोन गरिन् । तिम्रो बुवा धेरै विरामी हुनुहुन्छ । तिमी नेपाल आउ बाबु, राजेशले भने अहिले आउन नमिल्ने जानकारी दिए । उता श्यामले अस्पतालको शैयाबाटबेडाफ्नो वेडबाट अस्मितालाई बोलाउँदै भने, "अस्मिता म छोराको अनुहार हेर्न चाहन्छु, बोलाऊ उसलाई ।" शरीरभरि विभिन्न पाइप देखिन्छन् चल्न नसकेकोले गर्दा आँखाभरि आँसु राख्दै, अस्मिता राजेशलाई बोलाउनु न मलाई गाह्रो भयो भनी अस्मितालाई भने पछि उनले आफूलाई थाम्न सकिनन् र हत्तपत्त अस्मिता फोनको नजिक गईन् अनि फोन गरिन्, "राजेश, आउन बावु, यहाँ बुवालाई गाह्रो भयो । तिम्रो मुख हेर्ने भनी भनिरहनुहुन्छ । बाबु आउन नेपाल ।" तर राजेशले मिल्दैन भनि भनेपछि रिसाएर अस्मिताले फोन राखिदिइन् । उता भने श्यामको अन्तिम

अवस्था चलिरहन्छ । उनको मृत्यु भएको डाक्टरले जानकारी दिएपछि अस्मितालाई होस आउँछ । तत्पश्चात उनी धेरै रोइन् । उता राजेश भने करोडौं पैसा कमाएर यश आरामको जीवन विताईरहन्छ । बुबाको मृत्यु भएको खबरले उनलाई नेपाल आउन प्रेरित गरेपछि उनी एक महिना पछि मात्र नेपाल आए । आमालाई देखेपछि, आमा भनी राजेश चिच्याउँछ । तर अस्मिताले उनको मुख समेत पनि हेर्दिनन् । जाऊ बाबु तिमी किन आयौ मेरो छोरा मरिसक्यो भनि अस्मिताले रिसले चुर भई जवाफ दिन्छिन् । राजेश केही पैसा आमाको हातमा राखिदिने प्रयत्न गर्दछ । त्यहि पैसाले अस्मिताले उसैको मुखमा हिर्काउँदै जा भनी जवाफ दिइन् र घर भित्र पस्छिन् त्यसपछि राजेश आफ्नो कर्मबाट च्यूत हुन पुगेको महसुस गर्दै लाचार भई अमेरिका तर्फ लाग्छ ।

गलत प्रेम

कक्षा ५ मा पढिरहेकी अमिशा धनी परिवारमा जन्मेकी थिइन् । बाबुआमाको स्नेह एवं प्रेमले उनको शिक्षादीक्षा राम्रो चलिरहेको थियो । परिवारको एक मात्र छोरी अमिशालाई ठूलो मान्छे बनाउने बुवा ललित र आमा लुचनाको चाहना थियो । तीनजनाको लोभलाग्दो परिवार थियो । सानै उमेरदेखि अमिशाको खुशीको लागि थुप्रै खेलौना, आधुनिक

कम्प्युटर, मोवाइल खरिद गरी उपहार स्वरूप अमिशालाई दिइन्थ्यो । समय समयमा पढ्नुपर्छ है छोरी भनी सम्झाउने गरिन्थ्यो । ललित र लुचना आफ्नो छोरीको अनुहारमा आफ्नो सुन्दर

भविष्यको कल्पना गर्दथे । अमिशा हुर्कंदै बढ्दै कक्षा ८ मा पुगेपछि उनको रिशन नामक केटासँग परिचय भयो । अमिशा र रिशनको भावनात्मक सम्बन्ध बढ्दै गयो । एक आपसमा गाढा मित्रता गाँसिदै समय वित्दै गयो । एक आपसमा प्रेम हुन थाल्यो । त्यसपछि प्रेमपत्र लेखन, मोवाइलबाट मेसेज पठाउने कार्यहरु बढ्न थाल्यो । दोस्रो त्रैमासिक

परीक्षासम्म आइपुग्दा ३ विषयमा फेल भएकी थिइन् अमिशा । उनले पढाइमा भन्दा रिशनको बारे सोच्न थालिन् । सो सम्पूर्ण घटना थाहा पाएपछि ललित र लुचनाले गाली गर्दै पढाई नै सर्वोच्च हो भनी

सम्झाउन थाले । तँलाई लाज छैन भनी आमाले गाली गरिन् तर ती गालीको प्रभाव अमिशालाई परेन । एस.एल.सी.को अन्तिम परीक्षा सुरु हुनु भन्दा अगाडि अमिशा र रिशनले भागेर विवाह गरे । फल स्वरुप दुवैजना फेल भए । यता अमिशाको आमाबुवा अत्यन्त दुःखी भए ।

समय वित्दै गयो । रिशनको पारिवारिक आर्थिक अवस्था अत्यन्त कमजोर थियो । उता हाम्रो छोरी मरी भनी ललितले लुचनालाई सम्झाउन थाले । अमिशाले खान, लाउन समेत धौधौको अवस्था व्यहोर्नु पर्ने भएपछि रिशनलले ऋण काढेरै भएपनि विदेश जाने निर्णय गऱ्यो र रु पैसा कमाउन क्यानडा गयो । रिशनले क्यानडामा निकै दुःख गऱ्यो र त्यहि अर्की केटीसँग विवाह गऱ्यो । गर्भमा बच्चा रहेको अमिशा रिशनले विदेशमा अर्को विवाह गरेको कुरा थाहा पाएर बेचैन हुन थालिन् । उनलाई प्रत्येक पल गाह्रो हुन थाल्यो । आमा बाबुको माया सम्झिन थालिन् र मन मनै कुरा खेलाउन थालिन्, यदि मैले मेरो मातापिताको कुरा सुनेको भए मलाई यस्तो दुःख हुने थिएन, अहिले न मेरो आफ्नो आमा बुवा नै साथमा छन् न त पति नै । कसैले पनि उनलाई वास्ता नगरेपछि उनमा निराशा छाउन थाल्यो । उनलाई चिन्तारोगले सताउन थाल्यो । केही समय पछि उनको पीरै पीरका कारण निधन भयो ।

मिलन

रम्बा आज म खुशी छु । आज म बुबा बने । मुस्कान छर्दै सरोजले भने । म पनि धेरै खुशी छु सरोज । हामीमा सन्तानको कमी थियो । भगवान्ले हाम्रो इच्छा पूरा गरिदिनु भयो । दुवैभित्रदेखि खुशी थिए । रम्बा र सरोज दुवैको मनमा थुप्रै सपना थियो । सरोज विद्युत् प्राधिकरणमा साधारण जागिरे थिए । सरकारी तलव मात्र आउने भएता पनि उनीहरुको परिवारलाई पुगेको थियो । रम्बा र सरोजले आफ्नो छोरा रघुनाथको लालन पालन अत्यन्त सरल ढँगबाट गरेको थियो । दुवै मिलेर छुट्टिको समयमा उसलाई घुमाउन, रमाइलो गराउन अधिकांश समय गुजारेका थिए ।



गाउँको सानो वोर्डिङ् स्कूलमा भर्नागरी एस.एल.सी.सम्मको अध्ययन पूरा गरेपछि रघुनाथ पुल्चोक ललितपुर

गई विज्ञान विषय लिई इन्जिनियर अध्ययन गरी इन्जिनियरिङ् तह पूरा गर्दछ । रघुनाथले इन्जिनियरिङ् उत्तीर्ण गरेपछि रम्बा र सरोज अधिक खुशी थिए । समय वित्दै जाने क्रममा रघुनाथ जलविद्युत्को निर्माण शिलसिलामा दोलखा गए । भर्खरै सरकारी नोकरी प्राप्त गर्दै रघुनाथ दोलखामा ६ वर्ष वसे । त्यस अवधिमा सुरुमा



उनले आफ्नो मातापितालाई चिट्ठी पठाउने गर्दथे । चिट्ठी, फोनबाट आफ्नो दु:ख सुखका भावनाहरु साटासाट गर्दथे । रम्बा आफ्नो छोराको यादमा प्रत्येक पल आँसु बगाउने गर्दथिन् । मनभरि पीडा बोकेर छोराको जय होस् भनी सरोज र रम्बा कामना गरिरहन्थे । अत्यन्त व्यस्ततासँग काम गर्दागर्दै १० वर्ष दोलखामा बस्ने क्रममा रमिलासँग प्रेम विवाह भयो ।

रमिला अलि व्यग्लै स्वभावकी थिईन् । उनलाई पारिवारिक भन्दा व्यक्तिगत जीवन प्यारो लाग्थ्यो । रघुनाथले आफ्नो माता पितासँग भेट गर्न जाऊँ भन्दा मान्दैन थिए । क्रमिक रुपले समय वित्दै जाने क्रममा सरोज र रम्बा बूढाबूढी भैसकेका थिए । उनीहरुले धेरै पछि मात्र छोराको विवाह भएको कुरा थाहा पाएका थिए । दिनहुँ जस्तो सरोज अनि रम्बा छोरा फर्केहुन्थ्यो । बुहारीलाई पनि भेट्न पाएको छैन । हाम्रो एउटा नाती पनि भैसकेको छ । नाती स्वप्नील ५ वर्षको भैसकेपछि रघुनाथ, रमिला र स्वप्नील भीमेश्वरको जात्रा हेर्न जाँदा स्वप्नील हराएको थियो । रमिला र रघुनाथ यता उता भौतारिँदै छोरा खोज्न थाले । रघुनाथले रमिलाको हालत अत्यन्त नाजुक देख्यो । करिब दुईघण्टा स्वप्नील हराएको समय ज्यादै भारी हुँदै गयो । साँझ पख जात्रा सकिदै गर्दा स्वप्नील बाटोको छेऊमा रुँदै गरेको भेटियो । मेलाबाट उनीहरु फर्केपछि रघुनाथलाई पुरानो कुराहरु याद आयो । मेरो मातापिता पनि

मेरो यादमा छट्पटि रहनुभएको होला । घर गए पछि आफ्ना मातापिता भेट्नको लागि आफ्नो श्रीमतीलाई लुगा, पोको पन्तुरो ठीक पार्न भने । अब हामी स्वप्नीलको हजुरबुबा मुमालाई भेट्न जान्छौँ । के कुरा गर्नुभएको ? रमिला प्रश्न गर्दै थिई । के कुरा गर्नु नि हामीलाई स्वप्नील केही क्षण हराउँदा हाम्रो कस्तो हालत बन्यो । म त झन् वर्षौंदेखि यहाँ छु । म घर नगएको १५ वर्ष भइसक्यो । मेरो मातापिताको हालत कस्तो भयो होला । उनीहरुको म एक मात्र सन्तान, कति गाह्रो भयो होला उहाँहरुलाई । मैले कति पीडा दिएको रहेछु । म कति स्वार्थी रहेछु । अब हामी एक सेकेन्ड यहाँ बस्दैनौँ । त्यसपछि रघुनाथ, रमिला र स्वप्नील घर फर्किन्छन् । रम्बा र सरोज आफ्नो छोरा, बुहारी र नातिलाई देखेर अत्यन्त खुशी हुन्छन् । तत्पश्चात् उनीहरु सब परिवार सबै मिलेर खुशीका साथ जीवनयापन गर्छन् ।

डाक्टर



कुरा अठार वर्ष अगाडिको थियो । माधव आफ्नो छोरा बलरामलाई अरुणोदय अंग्रेजी मा.वि. मा भर्ना गर्न गएका थिए । आर्थिक रुपले विपन्न भएपनि उनको सपना

भने ठूलो थियो । आफ्नो छोरा बलरामलाई विद्यालयमा भर्ना गर्दा अत्यन्त हर्षित थिए । कमजोर आर्थिक अवस्था गरिबीका कारण उनले आफ्नो छोरालाई पर्याप्त खर्च गर्न सकेका थिएनन् । माधव एउटा पाउरोटी

कारखानामा काम गर्थे । आफ्नो केही आम्दानीले घर परिवार सञ्चालन गरेका थिए । बलरामको आमा पनि आफ्नो सीपले भ्याएसम्मको काम गर्दथिन् । बलराम क्रमिक रुपले अध्ययन गर्दै गए उनी अध्ययनमा अत्यन्त तेज थिए । प्राय कक्षाहरुमा उनी प्रथम हुन्थे । जब बलराम कक्षा ४ मा पुग्यो, त्यतिवेला उनका पिता माधवलाई आगोले पोल्यो। सोही कारण उनको निधन समेत भयो । परिवारमा एक्लो कमाउने व्यक्तिको निधन भएपछि उनको परिवारमा गम्भिर आर्थिक संकट पर्‍यो । बलराम र उनको सानो भाइ समेत गरी ३ जनाको परिवारमा बज्रपात भयो । बलरामको आमाले बलरामलाई विद्यालयमा भर्ना गर्न नसकिने जानकारी दिइन् । जुन कुराले शिक्षकद्वय केदारनाथ र सुरेश सरलाई असह्य भयो । असल स्वभाव र पढाईमा अब्बल सुमनको पढाईमा बाधा पुग्ने भएपछि शिक्षकद्वय केदारनाथ र सुरेश सरको अगुवाईमा बलरामलाई निःशुल्क पढाउने निर्णय गरियो । जसले बलराम र उसको परिवारको दुःखमा मलम लगाउने काम त भयो तर अति नै आर्थिक अवस्था कमजोर भएको बलरामको परिवारमा बलरामलाई टिफिन र पुस्तक समेत किनिदिन गाह्रो भयो । शिक्षकहरुले उनलाई केही विद्यार्थीको निकालेर समेत टिफिन खुवाउनु पर्‍यो । जब उनको एस.एल.सी. परीक्षा सकियो, त्यसवेला देखिनै ट्युशन पढाउन थाल्दै एस.एल.सी. परीक्षामा

अत्याधिक अंक ल्याएका थिए । उनको काठमाडौं विश्वविद्यालयमा विज्ञान पढ्ने इच्छा थियो तर आर्थिक अवस्थाले गर्दा गाह्रो भयो । त्यसपछि अरुणोदय अंग्रेजी मा.वि.का प्रिन्सिपल केदारनाथ, सुरेश सर र उनको मामाले पनि सहयोग गरे । करोडपति वाउका सन्तानहरुले वाइक हाँकेर आउने ठाउँमा उनलाई हिड्नमै रमाइलो थियो । त्यसपछि I.Sc मा KU टप गरे । फलस्वरुप MBBS मा नगरपालिकाबाट प्रदान गरेको कोटामा छात्रवृत्ति प्राप्त गरी अत्यन्त मेहनतपूर्वक अध्ययन गरी डाक्टर उपाधि प्राप्त गरे । आज उनको परिवार सबै बलरामकै निगरानीमा चलेको छ ।

तीव्र इच्छा, उद्देश्य, लगनशीलता र अनुशासनमा एकाग्रता भएपछि भगवान्ले पनि साथ दिंदारहेछन् । अहिले उनी MBBS डाक्टर भएका छन् । गरिव, दुःखी जनतालाई सेवा गर्न उनको मन तत्पर रहेको छ । खुशी दुःख पछि प्राप्त हुने रहेछ ।

सेतो चील

आकाश निलो थियो । पूरै आकाश भरि केवल दुई ठाउँमा मात्र बादलका टुक्राहरु थिए । पश्चिमबाट सरर एउटा सेतो चील उडेर आइरहेको थियो । जव सेतो चीललाई अरु कागहरूले देखे तब उसलाई पचासौँको सङ्ख्यामा रहेका कागहरूले लखेटे । चील कहिले यता कहिले उता फर्कँदै अरुबाट बच्ने प्रयास गरिरहेको थियो । कागहरू काँ–काँ गर्दै आक्रमण गर्न खोजिरहेका थिए । करीव ३० मिनेट जतिको आक्रमण र प्रत्याक्रमण भैसकेपछि सेतो चील त्यहाँबाट भागी आफ्नो वासस्थानमा पुग्यो । साँझको समय थियो सिर्सिर् हावा चलिरहेको थियो । चीलले मनमनै सोच्यो, म कागभन्दा धेरै शक्तिशाली हुँ, ठूलो हुँ, बलवान् छु तर किन म कागलाई केही गर्न नसक्ने भएँ? कागसँग भागेर आउनुपऱ्यो । त्यो प्रश्नको उत्तर चीलसँग थिएन ।

अर्को दिन पनि सेतो चील आफ्नो आहाराको खोजिमा लाग्यो । त्यतिवेला पनि एककासी कागहरूको समूह आई चिललाई लखेट्न थाले । दायाँ बायाँ पछाडि सबैतिरबाट चीललाई कागहरूले ठुङ्दै थिए । मुस्किलले बाँचेर ऊ पुनः आफ्नो वासस्थानमा पुग्यो । अब भएन मैले केही गर्नु पर्‍यो भन्दै उसले आफ्नो बचाउका लागि सबैभन्दा ठूलो पन्छी अष्ट्रिचलाई भेट्यो, लौन तपाईं ठूलो हुनुहुन्छ, बलवान त हुनुहुन्छ । मलाई बचाउनु पर्‍यो । अष्ट्रिचले "हुन्छ" भन्यो । तर जब हमला भयो अष्ट्रिचले सहयोग गर्न सकेन किनभने कागहरूले उडेर आक्रमण गरेका थिए । भएन बा, भनी फेरि उल्लुलाई सहयोगको लागि अनुरोध गर्‍यो । उल्लुले पनि हुन्छ भन्यो ।

अर्को दिन सेतो चील उडिरहेका अवस्थामा कागहरूले फेरि आक्रमण गरे, उल्लु कता हो कता ? दिउँसो आँखा नदेख्ने उल्लु विचराले कसरी सहयोग गरोस् । चीलले अब मरिने नै भयो भन्ने कुराले निराश

भइसकेको थियो । त्यसैबेला कोइलीको समूह उडेर आइरहेको देख्यो । चील निराश भई बसिरहेको थियो । उसलाई जीवनदेखि नै दिक्क लागिरहेको थियो । किन म चील भएर जन्मेँ, म काग भएको भए राम्रो हुन्थ्यो । उसले सोच्यो । त्यति बेला कोइलीको समूह आएर भने, “के भयो चील दाइ?”, खत्तम भयो नि कोइली बहिनीहरु, मलाई त कागहरूको समूहले मार्ने नै भए । सधैँ दुःख दिएको दिऐ छन् । म शिकार गर्छु, मासु तिनीहरु खान्छन् । म आहारा खोज्छु । लुटेर तिनीहरु खान्छन् । कोइलीले भने, ए त्यसो पो त्यहि भएर तपाई निराश भएको ? हो कोइली बहिनी चीलले निराश भई भन्यो । चील दाइ तपाईंलाई एक पटक जंगल घुमाउन मन लाग्यो । जानु हुन्छ ? किन नजानु आफ्नो ज्यानको कुरा छ । ल आउनुस् भनेर दुबै चील र कोइली घुम्न गए । त्यति बेला एउटा ठूलो हात्तीलाई केही सिंहिनीहरूले आक्रमण गर्दै थिए । ल हेर्नुस् चील दाइ सिंहिनीहरू भन्दा हात्ती ठूलो छ,

बलवान् छ तर कसरी हात्तीलाई हैरान पारिरहेका छन् । त्यतिकैमा कोहीले पछाडिबाट, कोहीले दायाँबाट, कोहीले वायाँबाट हात्तीलाई आक्रमण गरिरहेको देखेपछि चीलले बुझ्यो ।

ए, कोही एक्लो बलियो भएर नहुने रहेछ । समूहको शक्तिले गर्दा भएको रहेछ । सामूहिक शक्ति नै वास्तविक शक्ति रहेछ । जति बलियो भएपनि एक्लो शक्ति केही रहेनछ । चीलले भन्दै गयो । कोइलीहरू मुसुमुसु हाँसिरहेका थिए । कोइलीले भन्यो, “बुझ्नुभयो त चील दाइ”, त्यसपछि उनले चीलहरुको बैठक डाके । बैठकमा कागहरूले दुःख दिएको सम्पूर्ण चीलहरुले भने त्यसपछि अबदेखि हामी चीलहरू एक हुने । चीलहरुलाई दुःख दिनेलाई एक भई जवाफ दिने भनी वाचा गरे । आइलाग्ने माथि जब चीलहरू जाइ लाग्न थाले त्यस दिनदेखि सेतो चीलले आनन्द पूर्वक जीवन बिताउन थाल्यो ।

झगडा

एकपटक रुख र मानिस बीच भनाभन पऱ्यो । एक आपसमा आरोप प्रत्यारोप लगाउँदै मानिसले भन्यो, "तँ रुख न कहीँ जान सक्छस्, न केही गर्न सक्छस्, न कुनै ठाउँको भ्रमण गर्न सक्छस्, हामी त जहाँ मन लाग्यो त्यतै घुम्न जान्छौँ, रमाइलो गर्छौँ ।" त्यतिकैमा रुखले भन्यो, "तँ मानिसलाई लाज लाग्दैन, जातजातिको नाममा म ठूलो तँ सानो भन्छस् । पुरुष र महिला बीच भेदभाव गर्छस्, धनी र गरिबको आधारमा इज्जत दिन्छस्, धर्मको नाममा, जातिको नाममा, विचारको नाममा आपसमा घाँटी रेटी मार्छस्। लाज लाग्दैन । हामी रुखहरूमा ठूलो सानो भन्ने भेदभाव छैन । आ-आफ्नो स्थानबाट विविध कार्यहरू गर्छौँ ।" न हामी बीच वैमनश्यता छ, न भेदभाव छ । हामी कसैलाई दुःख दिदैनौँ हामी त स्वतन्त्र आनन्दसँग जीउन चाहन्छौँ हामीलाई काट्ने, विनाश गर्ने तिमीहरु

हौ। हामी तिमीहरू जस्तै एटम बम, हाइड्रोजन बम बनाउँदैनौं । आफ्नो कुललाई नष्ट गर्दैनौं । तिमीहरू पो आफ्नो दाजु भाइलाई तर्साउन, चिच्याउन, मार्न तल्लिन हुन्छौ । गोली, बारुद बनाउँदैनौं । हामी त स्वच्छ वातावरण बनाउँछौं । आपसमा मिलेर शीतलता प्रदान गर्छौं । स्वार्थी छैनौं हामी ।

"नखोक रुख", मानिसले रिसाएर उत्तर दिन्छन् । बढि कराएर नबस्नु नत्र बन्चरो ल्याएर काट्नुपर्ला । तिमीहरुले त्यै त जानेको छौं नि । खाली अरुलाई मार्ने, काट्ने, दुःख दिने बरु तिमीहरु भन्दा त बाघ, भालु, चितुवा जाति, उनीहरूको आफ्नो कुललाई शत्रुको व्यवहार गर्दैनन् । तर तिमी मानिसहरू आफनो स्वार्थको लागि बाबुआमा, गुरु, मित्रलाई समेत मार्न पछाडि पर्दैनन् । स्वार्थी हौ तिमीहरू, फटाह हौ फटाफ । नकराओ रुखहरू, मानिसले क्रोध सहित जवाफ दियो । अरुको भलाइ हेर्नु छैन, खाली आफू मात्र मोटाउने पापी रुखहरू । हो, हामी पापी हौं । रुखले जवाफ दियो । लाज छैन तिमीहरूलाई, हामी मिलिजुली खान्छौं, कसैको खोस्दैनौं । तिमी मूर्ख मनुष्यलाई समेत अनाज फलफूल फलाई दिन्छौं । अझ हामीलाई नबुझ्ने कुलङ्गारहरू हामीहरु भएनौं भने तिमीहरु बाँच्न सक्छौ? हामीले अक्सिजन नदिए एक मिनेट वाँच्न नसक्नेहरु अझ फूर्ती गर्ने !" फूर्ती नगर रुख, मानिसले जवाफ फर्काउँछन् । हामीले चाह्यौं भने अहिले काटेर तिम्रो अस्तित्व समाप्त गर्न सक्छौं । काट्न, ढाल्न डढाएर खरानी पार्न सक्छौं । रुखले अत्यन्त क्रोध प्रकट गर्दै भन्यो। के फूर्ती गर्छौ मानिस हाम्रो श्वास नै तिम्रो अमृत हो । फूर्ती नगर यसरी । मानिस र रुख एक आपसमा भनाभन्

भइरहँदा ब्रह्मा आइपुगे । किन के भयो? उनले सोधे । हेर्नुस् न भगवान्, मानिसले धेरै हेपे । सिधा त हुनै नहुने काटिदिन्छन् । बीचैमा मानिसले जवाफ दिए । "हेर्नुस् न भगवान् न हिंड्न सक्छन् न कहीं जान नै सक्छन् ।" दुबैले एक अर्कामा आरोप प्रत्यारोप लगाए ।

यो सुनेपछि अन्त्यमा ब्रहमाले भने हेर रुख, मानिस यस संसारमा कोही पनि ठूला छैनन् न त साना सबै वरावर छन् । तिमीहरु दुबै एक अर्काको परिपूरक हौ । रुख विना मानिस र मानिस विना वातावरण हराभरा हुँदैन । रुखले मानिसलाई चाहिने अक्सिजन, शीतलता, पानीको मुहान, फलफूल, हरियाली लगायतका थुप्रै चीजहरू दिन्छन् त्यस्तै मानिसले पनि रुखविरुवालाई चाहिने कार्वोहाइड्रेट देखि थुप्रै चीजहरू प्रदान गर्दछन् । दुवै एक अर्काको प्राण हौ । एकको अस्तित्वले मात्र अर्काको अस्तित्व रहन्छ । रुख मानिसको प्राण हो । त्यसको संरक्षण मानिसले गर्नुपर्छ भनी ब्रह्माले सम्झाएपछि मानिस र रुख दुवैले अब उप्रान्त झगडा नगर्ने, एक आपसमा मिलेर बस्ने, दुवैको अपनत्व स्वीकार गर्ने वाचा गरे । एक आपसमा अंकमाल गरी सुख दुःखमा समेत सहयोग गर्दै ब्रह्माकै अगाडि दुवैको सहअस्तित्व स्वीकार गरे ।

न्याय चाहियो

रुसा अन्यायमा परेकी थिई। उनलाई साथ दिने कोही थिएन । पाँच वर्षा अगाडि विवाह हुँदा उनी चौध वर्षाकी थिईन्। त्यतिवेला दाइजो नल्याएको निहुँमा उनले परिवारबाट थुप्रै यातना, अन्याय, अत्याचार सहेकी थिईन्। निरन्तर यातनाबाट आत्महत्याको समेत विचार गरेकी रुसा बारा जिल्लको पथलैया भन्ने स्थानमा जन्मेकी थिईन्। पिता भगत र माता रीताले आफ्नो गरिबीको कारण उनलाई शिक्षा, स्वास्थ्य र प्रशस्त दाइजो दिन सकेनन् । फलस्वरुप रुसालाई उनको परिवारले सताइरहेको थियो । रुसाको पढाइ धेरै थिएन मात्र पाँच कक्षासम्म उनको अध्ययन

थियो । अशिक्षित भएको कारण श्रीमान् गंगाले रुसालाई धेरै कष्ट दिएको थियो । कहिले पिट्ने, कहिले कपाल भुत्ल्याउने, कहिले डाम्ने आदि आदि । त्यसपछि उनी वीरगंज नवसी माइती पथलैया आईबसिन् । माइतीमा पनि श्रीमान् गंगाले छोडेनन् । कहिले फोनले धम्क्याउने, कहिले पैसा खुआएर गुण्डामार्फत् मार्ने धम्कीसमेत दिने गरेका थिए । रुसाले न्याय पाउन थुप्रै आफन्त कहाँ गईन् । धेरैले भगवान्को प्रार्थना गर ठिक हुन्छ भने । धेरै मन्दिर, मठ, देवालय, शिवालय गई मनैदेखि प्रार्थना गरी तर गंगाले उनलाई शान्त सँग राखेन। गंगा लागूपदार्थ सेवन गर्ने व्यक्ति थियो । केहि गर्दानी रुसाले गंगाबाट छुट्कारा पाउन सकिनन्।

एक दिन पथलैयामा महिला सशक्तीकरण कार्यक्रम सञ्चालन भैरहेको थियो । एकजना वकिल बोल्दै थिए । रुसाले सुन्दै थिईन्। विभिन्न प्रकारका अन्यायहरु गर्नेमाथि अदालत जानु पर्दछ भन्ने कुरा उनको कानमा गुञ्जिरहेको थियो । रुसाले वकिललाई भेट्ने



इच्छा गरिन् । करिब एक घन्टा पछि वकिललाई भेटी रुसाले सम्पूर्ण कुराहरु बताएपछि जिल्ला अदालत जान सुझाए । वकिलले भने – "ओहो संविधानले नागरिकलाई विभिन्न हक दिएको छ, महिलाहरु लाई त झन् प्राथमिकता दिएको छ" । तर खै हाम्रो समाज परिवर्तन कहिले हुने होला? वकिल फर्केपछि रुसा माइती फर्की । चार दिन पछि रुसा जिल्ला अदालत गई सम्पूर्ण कुराहरु बुझी । नागरिकका लागि वडापत्रहरू राखिएका हुँदा रहेछन् । निःशुल्क कानुनी सेवा पनि प्राप्त हुने रहेछन् भन्दै खुशी हुँदै फर्की । रुसाले आफूलाई अन्याय गर्ने सम्पूर्ण परिवारमाथि फिराद दर्ता गरी । सम्मानित बारा जिल्ला अदालतले रुसालाई न्याय दिलायो । गंगाको आधा सम्पत्ति रुसालाई दिलायो । गंगालाई जेल चलान गर्ने आदेश भयो । रुसाले न्याय पाएको अनुभूति गरिन् । उनलाई राज्यको कानुनले नयाँ जीवन स्वतन्त्रता पूर्वक बाँच्ने अधिकार दिएको महसुस भयो । त्यसपछि रुसा आफ्नो जीवनमा अन्याय परेकी चेलीहरुको उद्दार गर्ने कार्यमा समर्पित भइन् । सम्मानित अदालतले अन्यायी खोज्दै आउँदैनन्, अन्यायमा परेका व्यक्ति आफैँ न्यायको खोजीमा जानुपर्दछ भन्ने सन्देश फैलाउने फैसला गऱ्यो ।